World Vision

# आर्थिक वर्ष २०२२ को

# वार्षिक प्रगति प्रतिवेदन



वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

# हामी को हौं

**वर्ल्ड भिजन** बालबालिकामा केन्द्रित भई राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौँ बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सहयोग गरेको छ । वर्ल्ड भिजनले यो उद्देश्य उत्तरदायित्व र जिम्मेवारीबोध हुने गरी पारस्परिक सहभागिता तथा विश्वासका आधारमा समान किसिमका ध्येय र लक्ष्य भएका स्थानीय समुदाय, नागरिक समाज, दातृ निकाय, सरकार र निजी क्षेत्रसँगको साझेदारीमार्फत् हासिल गर्न चाहन्छ । हामी इसाई आस्थामा आधारित संस्था हौं, जसले जातजाति, सम्प्रदाय लिङ्ग वा धर्मको आधारमा भेदभाव नगरी बालबालिका र परिवार सबैको सेवा गर्दछ ।

वर्ल्ड भिजन इन्टरनेशनल विश्वका १०० भन्दा बढी देशहरूमा कार्यरत छ, जसमध्ये वर्ल्ड भिजन इन्टरनेशनल नेपाल एक हो । वर्ल्ड भिजन इन्टरनेशनलले नेपालमा सन् २००१ देखि दीर्घकालीन विकासका कामहरूमार्फत् बालबालिकाको सम्वृद्धिमा आफ्ना कार्यकमहरूको सुरूवात गरेको हो । हाल वर्ल्ड भिजन इन्टरनेशनल नेपालले उदयपुर, सर्लाही, महोत्तरी, रौतहट, सिन्धुली, काठमाडौँ, लमजुङ, ललितपुर जुम्ला, अछाम, कैलाली, कञ्चनपुर, डोटी, दैलेख, जाजरकोट र बझाङ गरी ६ प्रदेशका १६ जिल्लामा दीर्घकालीन विकास कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

हामीले हाम्रा सहयोगी साझेदारमार्फत् निजी दाता र दातृ निकायबाट आर्थिक सहयोग प्राप्त गर्दछौं । आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजनका १२ वटा सहयोगी कार्यालयहरू अस्ट्रेलिया, क्यानडा, हङकङ, कोरिया, मलेसिया, नेदरल्याण्ड, स्विजरल्याण्ड, सिङ्गापुर, बेलायत, ताइवान, जापान र संयुक्त राज्य अमेरिकाले हामीलाई सहयोग गरेका छन् । त्यस्तै हाम्रा द्विपक्षीय र बहुपक्षीय दातृ निकायहरू डिपार्टमेन्ट अफ फरेन अफेयर्स एण्ड ट्रेड (डिफ्याट), स्टार्ट फण्ड नेपाल, अस्टेला फाउण्डेसन र द लेगो फाउण्डेसन रहेका छन् ।

*हाम्रो दर्शन, प्रत्येक बालबालिकाको जीवनको सम्पूर्णता*

*हाम्रो प्रार्थना, प्रत्येक हृदयमा त्यस्तै गर्ने चाहना*

# राष्ट्रिय निर्देशकको सन्देश




**रोजलिन एच. ग्याब्रियल**

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको वार्षिक प्रगति प्रतिवेदन २०२२ यहाँहरु समक्ष राख्न पाउँदा मलाई खुशी लागेको छ । यस वर्षको वार्षिक प्रतिवेदनले वर्ल्ड भिजन नेपालका रणनीतिक लक्ष्यमा भएको प्रगतिमाथि प्रकाश पारेको छ । आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले दिर्घकालिन कार्यक्रम तथा कोभिड १९ प्रतिकार्य मार्फत ७,८५,००० बालबालिका, तथा वयस्कहरूको जीवनमा प्रभाव पारेको छ ।

यस प्रतिवेदनले देखाए अनुसार हामीले वर्ल्ड भिजन इन्टरनेशनल नेपालको रणनीति २०२१-२०२५ को कार्यान्वयनमा सन्तोषजनक प्रगति गरेका छौँ । हाम्रा रणनीतिक लक्ष्यहरु नेपाल सरकारका विकास प्राथमिकता अनुरूप तय गरिएका छन् । यसका साथै, विगतका वर्षहरूमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले दिगो विकासका लक्ष्यहरु खास गरी गरिबीको अन्त्य, शुन्य भोकमरी, सु-स्वास्थ्य र सम्वृद्धि, गुणस्तरीय शिक्षा, स्वच्छ पानी र सरसफाइ, मर्यादित काम र आर्थिक वृद्धि, असमानता न्यूनीकरण, दिगो शहर र समुदाय, र शान्ति, न्याय र सुदृढ संस्थाजस्ता दिगो विकासका लक्ष्यमा योगदान गरेको थियो ।

आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले जोखिममा रहेका बालबालिका तथा समुदायमा अझ बढी प्रभाव पर्ने गरी काम गर्नका लागि साझेदारी तथा सम्बन्ध विस्तार एवम् सुदृढीकरणमा जोड दिएको थियो । हामीले समुदाय, बालबालिका, साझेदार गैसस, समुदायमा आधारित संस्था, स्थानीय, प्रादेशिक तथा संघीय सरकार, दाता र मित्रहरूसँग थप रणनीतिक तरिकाले काम गर्‍यौँ ।

यस परिप्रेक्ष्यमा म हाम्रा कर्मचारी खास गरी स्थानीय स्तरमा तथा समुदायसँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्नुहुने कर्मचारी साथीहरूको लगाव र अथक परिश्रमका लागि उहाँहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । समुदाय, गैर सरकारी संस्था, स्थानीय, प्रादेशिक र संघीय सरकार एवम् दाता लगायत हाम्रा साझेदारहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । कोभिड-१९ को महामारी एवम् देशमा भएका परिवर्तनसँगै हामीले हरेक बालबालिकामा "जीवनको सम्पूर्णता" अनुभूत गराउन सक्ने गरी अझ मिलेर काम गर्नुपर्ने आवश्यकता महसुस भएको छ ।

आर्थिक वर्ष २०२२ को हाम्रो प्रतिवेदन र यसमा उल्लेख गरिएका सफलताका कथा राम्रोसँग पढिदिनुहुन हार्दिक आग्रह गर्दछु । यिनले हामीले सहयोग गरेका बालबालिका, तिनका परिवार र समुदायमा स्थलगत रूपमा देखेको परिवर्तनका जानकारी प्रदान गरेका छन् । हामीले हासिल गरेका सफलतामा खुशी हुन, हाम्रा अनुभवबाट सिकाइ अभृवृद्धि गर्न र हाम्रा भावी कार्यक्रममा साझेदारी गर्न पनि हामी तपाईंहरूलाई आमन्त्रण गर्दछौँ ।



# आर्थिक वर्ष २०२२ को
## हाम्रा मुख्य उपलब्धि तथा कुल बजेट

कुल सहयोग **७,८५,३०१**

**३,१०,५४५**
कुल बालबालिका

**१,६८,४०८**
बालिका (२१.४%)

**१,४२,१३७**
बालक (१८.१%)

**२,७९,१००**
वयस्क महिला (३५.५%)

**१,९५,६५६**
वयस्क पुरूष (२४.९%)

**६,२९२**
अपाङ्गता भएका

आ.व.२०२२ को कुल बजेट
रू.१,८२५,२०३,६६१

# शिक्षा

## *प्राथमिक तहमा पढ्न सक्ने बालबालिकाको संख्यामा वृद्धि*


वर्ल्ड भिजन इन्टरनेशनल नेपालका शिक्षासम्बन्धी कार्यक्रमले विद्यालयमा अध्ययनरत साथै विद्यालयबाहिर अति जोखिममा रहेका बालबालिकाले शिक्षामा समान पहुँच तथा समान सहभागिता र विद्यालय शिक्षामा समतामूलक सिकाइ उपलब्धि हासिल गर्ने सुनिश्चित गर्दछन् । यो लक्ष्य हासिल गर्नका लागि वर्ल्ड भिजनले जात, अपाङ्गता, जातीयता, धर्म र लिङ्गका आधारमा हुने असमानतको सम्बोधन गर्दछ, जसका लागि तीनवटा मुख्य मार्ग रहेका छन्: १) विद्यालयको समावेशी शैक्षिक वातावरणमा सुधार, २) अति जोखिममा रहेका बालकालिकाको शिक्षाका लागि घर र विद्यालयमा समुदायको अझ बढी सहयोग, र ३) समावेशी शिक्षालाई प्रभावकारी बनाउन समावेशी शिक्षा एवम् बाल संरक्षण प्रणालीको काम र सुशासन पद्धतिमा सुधार । यससम्बन्धी कार्यक्रमहरु तथ्य प्रमाणमा आधारित भई विद्यालय, समुदाय र पालिकास्तरमा कार्यान्वयन गरिन्छ, जस्तै : प्रारम्भिक कक्षा सिकाइ, विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा, विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता, समुदायमा परिवर्तन र नागरिक आवाज र कर्तव्य । वर्ल्ड भिजनले सुदृढीकरण गरेका समुदायमा आधारित २१९ वटा समुदायमा आधारित सिकाइ स्थल (पढाइ शिविर) ले ७,००० भन्दा बढी विद्यार्थीलाई सिकाइमा सुधार गर्ने अवसर सिर्जना गरे । त्यसैगरी वर्ल्ड भिजनले विद्यालयहरूलाई ६० वटा पढाइ मेला आयोजनाका लागि सहयोग गरेको थियो । यस्ता मेलाहरूमा ८,५०० भन्दा बढी अभिभावकहरूले भ्रमण गरेका थिए । आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजनले १४ वटा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री कक्षाकोठा र ११ वटा बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गमैत्री शौचालय र ३ वटा खानेपानी आयोजना निर्माण गरी एवम् कृत्रिम अभ्यास/नमुना अभ्यास सञ्चालन गरी विपद् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षालाई पनि थप सुदृढीकरण गरेको थियो ।


यो रेखाचित्रले शिक्षक र अभिभावकको क्षमता अभिवृद्धि एवम् विद्यालयमा उचित सिकाइ वातावरण निर्माण गरी वर्ल्ड भिजनले समावेशी गुणस्तरीय शिक्षामा गरेको योगदान प्रस्तुत गर्दछ ।

*"हाम्रो स्कूलमा विद्यार्थीको संख्याअनुसार शौचालयको व्यवस्था थिएन । छात्राको अनुपस्थिति दर एकदम बढी थियो । महिनावारीका बेला धेरैजसो उनीहरू विद्यालय आउँदैनथे । प्राय: विद्यार्थीहरू शौचालय प्रयोग गर्न दिउँसोको छुट्टीका बेला कि आफ्नै घरमा जान्थे कि नजिकै साथीका घरमा जान्थे । हामीले प्रयोग गर्ने शौचालय अपाङ्गमैत्री पनि थिएन । वर्ल्ड भिजनको सहयोगमा हाम्रो स्कूलमा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री शौचालय बनेपछि भने विद्यार्थीको खास गरी छात्राहरूको उपस्थिति दर उल्लेख्य मात्रामा बढेको छ । तालिम, शिक्षण-सिकाइ सामग्री, बालक्लब, बालअधिकारबारे सचेतनाजस्ता क्रियाकलापले पनि हाम्रो विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धिका साथै जीवनोपयोगी सीपमा पनि सुधार आएको छ ।"*

**– मोहन, डोटीका शिक्षक**

वर्ल्ड भिजनले सञ्चालन गरेका परियोजना क्षेत्रमा पढाइ सीपमा कक्षा ३ का विद्यार्थीको न्यूनतम् दक्षता ९% (आधार सर्वेक्षण) बाट बढेर १३% को लक्ष्य पार गरी १९.६% पुगेको छ ।



सफलताको कथा



# ईँटाभट्टाबाट विद्यालयतर्फको यात्रा


अमृत आफ्ना बाबुआमासँगै रूकुम जिल्लादेखि यात्रा गरी काठमाडौँको एउटा ईँटा कारखानामा आए । परिवारमा तीनजना सन्तान भइसकेपछि र घरको आर्थिक अवस्था पनि नाजुक भएपछि अमृतका बाबुआमा जीवन गुजाराका लागि सन्तानसहित मौसमी कामदारका रूपमा ईँटा कारखाना भएको ठाउँमा बसाइँ सर्न बाध्य भएका थिए । सानै उमेरदेखि अमृतले बाबुआमालाई ईँटा बनाउने काममा सहयोग गर्दै आए । ब्रिक परियोजनाले अमृतलाई १३ वर्षको उमेरमा पुनः विद्यालय फिर्ता पठाउन सहयोग गऱ्यो । यसले गर्दा अमृत बालश्रमबाट मुक्त भए भने शिक्षालाई निरन्तरता दिन पनि पाए । अहिले अमृतले सफलतापूर्वक कक्षा दश पास गरी उच्च शिक्षा अध्ययन गरिरहेका छन् । बालक्लबको सदस्य भई यतिखेर उनी बालअधिकारबारे सचेतना जगाउने र अरूलाई पनि अधिकार संरक्षण गर्ने कार्यमा सहयोग गरिरहेका छन् ।

"वर्ल्ड भिजनको शिक्षा कार्यक्रममा सामेल नभएको भए म विद्यालय जान सम्भवनै थिएन । उहाँहरूले मेरा बुवाआमालाई सम्झाउनुभयो । बुवाआमा पनि मलाई विद्यालय पठाउन मान्नुभयो । यसर्थ, म भाग्यमानी पनि हुँ," अमृतले सुनाए । अमृतका बाबु पनि यस परियोजनाले गर्दा छोरा फेरि विद्यालयमा पढ्न जान पाएको स्वीकार्छन् । "मेरो छोराले सानै उमेरदेखि ईँटा कारखानामा काम गऱ्यो र धेरथोर कमाएको पैसाले घर चलाउन मद्दत पुग्यो । छोराछोरीले हाम्रा लागि यसरी कडा शारीरिक मिहेनत गरेको देख्दा हामी पटक्कै खुशी थिएनौँ । तर, नगरी सुखै थिएन किनभने हाम्रो कमाइ धेरै थिएन । उसको भविष्य जोखिममा छ भन्ने थाहा पाउँदा हामीलाई अत्यन्त दु:ख लाग्थ्यो । हामीलाई संस्थाका कार्मचारीहरूले छोरालाई विद्यालय पठाउन सल्लाह दिएपछि हामीले पनि पठायौँ । त्यसबेला ठीक निर्णय गरिएछ भनेर अहिले गर्व लाग्छ । अब उसको भविष्य उज्ज्वल होला भन्ने आश छ," मुहार हँसिलो पार्दै अमृतका बाबुले भने ।




# पोषण तथा उत्थानशील जीविकोपार्जन

चरम वा मध्यम स्तरको खाद्य असुरक्षा भोगिरहेका घरधुरीको प्रतिशत




सरसफाइका आधारभूत सुविधामा पहुँच भएका नागरिकको संख्या




## *पोषणयुक्त आहार पाएका बालबालिकाको संख्यामा वृद्धि (उमेर ०-५)*

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको पोषण तथा उत्थानशील जीविकोपार्जन कार्यक्रम पोषण उपलब्धिका विभिन्न व्यवधानहरूको सम्बोधन गर्ने एउटा एकिकृत पोषण विधि हो । यस कार्यक्रमले विभिन्न सरोकारवालाहरूसँग सहकार्य गरी मातृ तथा बाल स्वास्थ्यमा सुधार गर्नुका साथै स्वास्थ्य प्रणालीलाई लैङ्गिकमैत्री, सामाजिक उत्तरदायी र अपाङ्गमैत्री बनाउन स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्दछ । यस कार्यक्रमले खासगरी समुदाय रहेका समूहका आमा र बच्चालाई पर्याप्त पौष्टिक आहार प्रदान गर्न परिवारलाई सहयोग गरी वर्षभरि खाद्य अभाव नहुने अवस्था सिर्जना गर्छ । जीविकोपार्जन कार्यक्रमले समुदायका ४०% घरधुरीलाई निरन्तर रूपमा राष्ट्रिय औसतभन्दा बढी आम्दानी गर्न सक्ने बनाई गरिबीबाट माथि उकास्न मद्दत गर्छ । यसका लागि मानिसको उत्थानशीलता वृद्धि गर्ने र जलवायुजन्य विषम घटना एवम् अन्य आर्थिक, सामाजिक र वातावरणीय सङ्कट र विपद्को सम्मुखता तथा जोखिम न्यूनीकरणका कार्य गरेको छ । यो कार्यक्रम १९,५६६ घरधुरीसम्म पुगेको छ भने तीमध्ये ११,९६१ घरपरिवारले अहिले आयव्ययको योजना तयार पारेका छन् र उनीहरूको मासिक औसत बचत रू. १,३६७ छ ।


खासगरी स्वास्थ्य प्रणाली सबलीकरणमा हेर्ने हो भने वर्ल्ड भिजनले ५१ वटा स्वास्थ्य संस्थालाई मातृ तथा नवजात शिशु स्वास्थ्य र किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि अत्यावश्यक उपकरण तथा सामग्रीहरू प्रदान गरी सहयोग गऱ्यो भने १९ वटा प्रसुति केन्द्रलाई स्वास्थ्य संस्थामा आई प्रसुति गराउन चाहिने अत्यावश्यक सामग्री प्रदान गऱ्यो । त्यसैगरी, ५४३ वटा स्वास्थ्य आमा समूहसँग काम गरी गर्भवती र सुत्केरी महिला १०,७४१ जनालाई यससम्बन्धी अत्यावश्यक

> *“वृद्धि अनुगमन गर्दा मेरो छोरा कुपोषित भएको थाहा भयो । ऊ प्रायः खाना खाँदैनथ्यो । अब के गर्ने मलाई थाहा पनि थिएन । सकारात्मक पोषण चुल्हो कार्यक्रममा सामेल भएपछि उसले राम्रोसँग खान थाल्यो । त्यहाँ मैले बच्चालाई कसरी खुवानुपर्छ थाहा पाएँ । पोषणयुक्त खाना, हरियो सागसब्जी र शक्ति दिने खानेकुराको महत्व बुझेँ । सकारात्मक झुकाव सामुहिक चुल्होका कार्यक्रमहरूमा जानुभन्दा पहिला मलाई पोषणयुक्त खानाका बारेमा ज्ञान थिएन । सकारात्मक झुकाव सामुहिक चुल्होका कार्यक्रमा मैले पोषणयुक्त खाना, समयमै खुवाउनुको महत्व, खानामा विविधीकरण र सरसफाइ कायम राख्नुको महत्वबारे धेरै नै बुझ्ने अवसर पाएँ । मैले नयाँ कुरा सिकेँ । त्यहाँ र घरमा पनि मैले बच्चालाई पोषणयुक्त खाना नै खुवाउन थालेँ । त्यसपछि मेरो छोराको तौल बढेको छ र अहिले ऊ स्वास्थ्य पनि छ ।”*
>
> – समुह सदस्य, उदयपुर

जानकारी प्रदान गर्‍यो । फलस्वरूप, कार्यक्रम लागू भएका स्थानमा जन्मपूर्व ४ पटक स्वास्थ्य जाँच गराउनेको संख्या ५०.२% (आधार सर्वेक्षण) बाट बढी ८० % पुग्यो, खानामा न्यूनतम विविधताको स्तर ४७% बाट बढेर ६१% पुग्यो, वार्षिक सूचक सर्वेक्षण २०२२ अनुसार पूर्ण खोप लगाउने बालबालिकाको संख्या ८२% (आधार सर्वेक्षण) बाट बढेर ९७% पुग्यो । खानेपानी, सरसफाइ तथा स्वच्छतातर्फ वर्ल्ड भिजनले तीन जिल्लामा (रौतहट, महोत्तरी र सर्लाही) समुदायस्तरमा हाते पम्प राख्न सहयोग गर्‍यो र सिन्धुली र उदयपुर जिल्लामा खानेपानीका ६ वटा आयोजना निर्माण गरी पानी आपूर्ति तथा व्यक्तिगत सरसफाइको अवस्थामा सुधार गर्‍यो । फलस्वरूप, हात धुने बानी बसाल्ने आमाहरूको संख्या बढेर ८४% पुगेको छ (वार्षिक सूचक सर्वेक्षण, २०२२) ।

कोभिड-१९ र अन्य संक्रामक रोगको रोकथामका लागि वर्ल्ड भिजनले गरेको सहयोगले गर्दा बालिका र प्रजनन उमेरका महिलामा कोभिड-१९ को रोकथामसम्बन्धी ज्ञानमा २१% वृद्धि भएको छ (जुलाई, २०२१ को आधार सर्वेक्षणमा ४८%, डिसेम्बर, २०२२ को अन्तिम सर्वेक्षणमा ६९%); कोभिड-१९ बाट बच्न सरसफाइ र स्वस्थ अभ्यास गर्ने बालिका र महिलाको संख्या २८% ले (जुलाई, २०२१ को आधार सर्वेक्षणमा ३९%; डिसेम्बर, २०२२ को अन्तिम सर्वेक्षणमा ६७%) बढेको छ; स्थानीय स्तरमा जनस्वास्थ्य सेवामा गई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा लिने प्रजनन उमेरका किशोरी तथा महिलाको संख्या ४% ले (जुलाई, २०२१ को आधार सर्वेक्षणमा ५४%; डिसेम्बर, २०२२ को अन्तिम सर्वेक्षणमा ५८%) वृद्धि भएको छ; यौन तथा प्रजनन स्वास्थ्यबारे सचेतना बढेको बताउने सरोकारवाला (किशोर, शिक्षक र अभिभावक) को संख्या २७% ले ( जुलाई, २०२१ को आधार सर्वेक्षणमा ४७%; डिसेम्बर, २०२२ को अन्तिम सर्वेक्षणमा ७४%) वृद्धि भएको छ । त्यसै गरी, समुदायका सदस्यहरूमा कोभिड-१९ को रोकथामसम्बन्धी ज्ञानमा २६% (नोभेम्बर, २०२१ को आधार सर्वेक्षण) बाट वृद्धि भई ५७% (नोभेम्बर, २०२२ को अन्तिम सर्वेक्षण) पुगेको छ । यी संयुक्त प्रयासले स्वास्थ्य प्रणाली सुदृढीकरणमा योगदान गरेका छन् जसले गर्दा सेवा प्रवाह (कोभिड-१९ र अन्य रोग प्रकोपका बेला) का लागि आवश्यक न्युनतम् उपकरण तथा सामाग्रीहरू सहितका स्वास्थ्य संस्थाको संख्या ०% (नोभेम्बर, २०२१ को आधार सर्वेक्षण) बाट बढेर ५६% (नोभेम्बर, २०२२ को अन्तिम सर्वेक्षण) पुगेको छ ।



## सफलताको कथा

## विश्राम कोठाले किशोरीहरूलाई महिनावारीको पीडामा राहत

कुनै पनि किशोरीले विद्यालय समयमा महिनावारीका कारण पेट दुख्यो भने कक्षा छोडेर घरतिर दगुर्नुपर्थ्यो । विद्यालयमा किशोरीका लागि विश्राम कोठा नभएकोले शिक्षकले पनि घर पठाउनेबाहेक उहाँहरूसँग अरू उपाय थिएन । यसले गर्दा उनीहरूको पढाइमा असर पर्थ्यो । यो कथा घोडाघोडी नगरपालिकाका अधिकांश विद्यालयका लागि सामान्यजस्तै थियो किनभने त्यहाँ विद्यार्थीलाई बिसञ्चो हुँदा छुट्टै विश्राम कोठा थिएन । सरस्वती आधारभूत विद्यालयकी दीपिका सम्झिन्छिन्, "महिनावारी भएपछि म स्कूल छोडेर हिँड्नुपर्थ्यो किनभने स्कूलमा पेट दुख्दा आराम गर्ने उपयुक्त ठाउँ थिएन । अझ अर्को कुरा त हाम्रो समाजमा छाउपडी[1] जस्तो कुप्रथा पनि व्याप्त छ, जसले हामीलाई महिनावारीका बेला सफा बस्न वञ्चित गरेको छ ।" घोडाघोडी नगरपालिकाका अन्य किशोरीहरूले पनि सरसफाईमा भोग्नु परेका समस्याका यस्तै कथाहरू सुनाए । अहिले भने स्थितिमा सुधार गर्न लक्षित यस परियोजनाका साथै सरकारी पहलका कारण अहिले परिस्थितिमा धेरै परिवर्तन आएको छ ।

वर्ल्ड भिजनले कार्यान्वयन गरेको किशोरी परियोजनामार्फत् विगत तीन वर्षमा २४ वटा स्कूलमा विश्राम कोठा बनाइएको छ । कार्पेट

[1] छाउपडी भनेको महिला तथा बालिकाहरु महिनावारीका बेला "अशुद्ध" हुन्छन् भन्ने मान्यताका आधारमा उनीहरूलाई परिवारका सामान्य गतिविधिमा पनि निषेध गर्ने परम्परागत सामाजिक अवधारणा हो ।



बिछ्याइएका आरामदायक यी विश्राम कोठामा विभिन्न आधारभूत सुविधा उपलब्ध छन्  जस्तै ओछ्यान, पानीको फिल्टर, हिटर, पंखा, कुर्ची, पानी तताउने भाँडो र सबैभन्दा महत्वपूर्ण त सेनिटरी प्याड निकाल्न मिल्ने मेशिन छ, जसबाट किशोरीहरूले सजिलैसँग सेनिटरी प्याड निकालेर प्रयोग गर्न सक्छन् ।

किशोरावस्थाका छात्राहरूले अब महिनावारीकै कारण विद्यालय छोड्नु पर्दैन किनकि विद्यालयमा महिनावारीका बेला पेट दुख्दा आराम गर्ने ठाउँ छ । त्यसै गरी विभिन्न तालिम कार्यक्रमहरूले विद्यार्थीमा महिनावारी सम्बन्धी जानकारी अभिवृद्धि गरेका छन् र अब उनीहरू यसका बारेमा खुलेर कुरा गर्न सक्ने भएका छन् । एकजना किशोरी विद्यार्थीले हामीलाई भनिन्, "स्कूलमा बनाइएको विश्राम कोठा र वर्ल्ड भिजनले प्रदान गरेका विभिन्न तालिमले हाम्रो चेतना स्तर बढाएको छ । अब हामीले महिनावारीका बेला पेट दुख्दा कक्षा छोड्नु पर्दैन । सेनिटरी प्याड स्कूलमै पाइने हुँदा हामीलाई ठूलो राहत भएको छ ।"

परियोजनाअन्तर्गत महिनावारीका बेलाको स्वच्छता व्यवस्थापनसँग सम्बन्धित विभिन्न जानकारीमूलक सन्देशहरू भित्तामा लेखिएको छ र जानकारी कुना पनि बनाइएको छ, जहाँ किशोरीहरूले यसबारेमा थप सिक्न पाउँछन् । घोडाघोडी नगरपालिकाले विद्यालयमा विद्यार्थीलाई निःशुल्क सेनिटरी प्याड पनि प्रदान गरिरहेको छ, जसले शिक्षाको पहुँच बढाउन मद्दत गर्ने विश्वास विद्यालय व्यवस्थापनले गरेको छ ।

# जति धेरै आय, परिवारमा त्यति धेरै खुशी

३७ वर्षीय होम बहादुर सिन्धुली जिल्लाको आले टोल भन्ने गाउँमा आफ्ना पाँचजना परिवारका साथ बस्छन् । विगतमा उनले परिवारका आधारभूत आवश्यकता पूरा गर्न धेरै संघर्ष गरे । आम्दानीको स्थायी स्रोत नहुँदा र आयआर्जनका लागि हातमा सीप नहुँदा उनलाई घरको खर्च धान्न धौधौ भइरहेको थियो ।

गाउँमा कृषिको सम्भावना र परिवारको जीविकोपार्जनको समस्या विश्लेषण गरी वर्ल्ड भिजनको कार्यक्रमले पोषण र उत्थानशील जीविकोपार्जन कार्यक्रममार्फत् होमको परिवारलाई कुखुरा पालनका लागि सहयोग गर्‍यो, जसअन्तर्गत उनलाई ८० वटा कुखुरा, दाना, सरसामान र औषधि उपलब्ध गराइयो ।  कार्यक्रमले होमलाई आर्थिक स्थिति साथै जीवनस्तरमा सुधार गर्न कुखुरा पालन सुरु गरेकोमा यससम्बन्धी तालिम पनि प्रदान गर्‍यो । कुखुरापालनले होमलाई गाउँमै कुखुरा र कुखुराजन्य उत्पादनको बिक्रीबाट आय आर्जन गरी परिवारलाई सुखी राख्न मद्दत गरेको छ ।

अहिले होमका छोरीहरु पढ्न स्कुल जान्छन् । आफ्ना छोरीहरूलाई शिक्षा दिन सकेकोमा होम खुशी छन् । होम बहादुर कुखुरा पालनसम्बन्धी पर्याप्त ज्ञान नभएका कारण नाफा कमाउन नसकेका विगतका ती दिन सम्झन्छन् । तर, राम्रो तालिम पाएका कारण कुखुरा पालन राम्रोसँग फस्टाएको छ । उनी आफ्ना छोरीहरू राम्रोसँग पढेको र बढेको देख्न चाहन्छन् । उनी भन्छन् छोरीको शिक्षामा लगानी गरे उनीहरूको प्रगति हुनेछ र भविष्य उज्ज्वल हुनेछ । आम्दानीको स्थायी स्रोत भएपछि उनले अब परिवारका आधारभूत आवश्यकता पूरा गर्न सक्छन्, जुन पहिला असाध्यै गाह्रो थियो ।





# स्वदेश बस्ने, यहीँ योगदान गर्ने

सिन्धुली जिल्लाको ग्रामीण भेगका अधिकांश युवा विदेशमा राम्रो आर्थिक अवसर खोज्दै देश छोडेका छन् । धेरै मानिस वैदेशिक रोजगारका लागि विदेश गए पनि सिन्धुलीका ३४ वर्षीय काजी आफ्नै देशमा बसी केही गर्न चाहन्छन् । उनी लगभग १० वर्षदेखि कृषि पेशामा संलग्न छन् ।

परम्परागत कृषि र खेतीबालीसम्बन्धी ज्ञानको कमीले गर्दा उनको उत्पादन प्रत्येक वर्ष घटिरहेको थियो । उत्पादन कम भइरहेको थियो, मुनाफा कम थियो र कच्चा सामग्रीको मूल्य भने बढिरहेको थियो । यस्ता समस्याका कारण कमाइ कम भएपछि उनलाई आठ जनाको परिवार पाल्न गाह्रो भइरहेको थियो ।

काजीका समस्यालाई विचार गरी उनलाई कार्यक्रमको लाभग्राहीका रूपमा छानियो र उनले तरकारीको टनेल निर्माणका लागि प्लास्टिक, बाँस र आधुनिक कृषि उपकरणहरू सहयोगस्वरूप प्राप्त गरे भने प्राविधिक सहयोग पनि पाए । सहयोग प्राप्त गरेपछि उनको फार्ममा उत्पादन बढेको छ । उनले टमाटर, खुर्सानी, काउली, साग र अन्य मौसमी तरकारीहरू उत्पादन गरिरहेका छन् र तरकारी बेचेर हरेक सिजनमा मासिक रू. १८,००० — ३०,००० आम्दानी गर्छन् । तरकारी बेच्न पाएकोमा र परिवारलाई ताजा हरियो तरकारी खुवाउन पाएकोमा उनी दङ्ग छन् ।

काजीले कमाइको ठूलो हिस्सा अब छोराछोरीको शिक्षा र स्वास्थ्यमा लगानी गर्न सक्ने भएका छन् । उनले छोराछोरीका लागि केही पैसा खुत्रुकेमा जम्मा गर्छन् र रूपान्तरणका लागि बचत समूहमा नियमित रूपमा बचत पनि गरिरहेका छन् । आधुनिक किसिमले खेती गर्न प्राविधिक सहयोग पाएकोमा उनी खुशी छन् । "मैले ताजा र अर्गानिक तरकारी खुवाउन पाएको छु । कीटनाशक औषधि हालिएका तरकारी प्रतिस्थापन गर्ने आशा राखेको छु," काजीले सुनाए । स्थानीय बजारको माग पूरा गर्न छिट्टै कृषि उत्पादन बढाउने गरी केही टनेल थपेर कृषिलाई विस्तार गर्ने उनको योजना छ ।

# संरक्षण


## *हिंसाबाट जोगिएका बालबालिकाको संख्यामा वृद्धि*

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले प्रणालीगत समस्यालाई सम्बोधन गर्दै बालबालिकाको सुरक्षालाई मध्यनजर गर्दै परिवार, समुदाय र विद्यालयस्तरमा स्रोत लगानी गर्छ । पहिलो चरणमा सचेतना अभिवृद्धि आवश्यक भए तापनि बाल संरक्षण कार्यक्रमहरूको दिगो असर तथा बालविवाह अन्त्यका लागि सेवा प्रणालीहरु सक्षम बनाउनु पर्नेछ र यसका लागि अझ थप प्रयासहरु आवश्यक छन् । अर्को तर्फ वर्ल्ड भिजनले सचेतना अभिवृद्धि गर्न तथा बाल संरक्षणका मुद्दालाई सम्बोधन गर्ने कार्यक्रमहरु सञ्चालन गर्न बालबालिकाको अर्थपूर्ण संलग्नता एवम् नेतृत्व अभ्यास (जीवनोपयोगी सीप र आत्मसुरक्षा सीप) मा सहयोग गर्ने लक्ष्य पनि राखेको छ ।


वर्ल्ड भिजनका कार्यक्रमहरू बालबालिकाका अधिकार संरक्षणका लागि स्थानीयस्तरका नीति तथा सेवाहरूको सुनिश्चितताका लागि स्थानीय बाल अधिकार समिति[२]हरूसँग सहकार्य गरेको छ । यस किसिमको सहकार्यले स्थानीय सरकारको अपनत्व सिर्जना गर्न प्रोत्साहन गर्ने पहलहरू गर्दा, स्रोतको प्रतिबद्धता र नीतिगत निर्णय समेत भएको पाईएको छ । उदाहरणका लागि, चन्द्रागिरी नगरपालिकाले एउटा वडालाई बालश्रममुक्त वडाका रूपमा घोषणा गरेको छ भने नगरपालिकालाई बालमैत्री बनाई बालमैत्री स्थानीय सरकारका रूपमा घोषणा गर्ने प्रक्रियामा छ । यी पहलहरु दिगो विकास लक्ष्य ५ र १७ का साथै नेपाल सरकारको बालबालिका ऐन २०७५ एवम् १५औँ अवधारणा पत्रअनुरूप छन् ।

आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजनले वडा तथा पालिका तहका ७२ मध्ये ६४ वटा बाल संरक्षण समितिसँग सहकार्य गऱ्यो, जसले बाल संरक्षणसँग सरोकार राख्ने विषयमा काम गर्न आवश्यक पर्ने नीति तथा कार्यक्रमको अनुमोदन गर्न सघाएको छ । यसका साथै, ३५ वटा स्थानीय सरकारले रिपोर्टिङ तथा रिफरल संयन्त्र निर्माण गरेका छन् । यसै कारणले गर्दा आ.व. २०२२ मा स्थानीय बाल संरक्षण समिति बाल संरक्षणसँग सम्बन्धित घटनाविरूद्ध प्रतिकार्य गर्ने सवालमा १००% सफल भएको छ भने किशोरीहरूमाथि हुने शारीरिक दुर्व्यवहार/आक्रमणको स्थिति ६.५% बाट ६% मा आएको छ ।

**बालबालिकाविरूद्ध हिंसा न्यूनीकरणका नीति तथा कार्ययोजना बनाएका स्थानीय बाल अधिकार समितिहरू**




**रिपोर्टिङ तथा रिफरल संयन्त्र निर्माण गरेका स्थानीय बाल अधिकार समितिहरू**




> *हामी जन्म, मृत्यु, विवाह दर्ता जस्ता अत्यावश्यक घटना दर्ताका कागजातहरूको आवश्यकताका बारेमा जानकार थिएनौं । अभिमुखीकरण तालिम लिएपछि हामीले यी काम दर्ता गर्न घरमा गयौँ र सहयोगस्वरूप जानेआउने यातायात खर्च पायौँ । अहिले हामीसँग हाम्रो विवाहको प्रमाणपत्र र बच्चाको जन्मदर्ता प्रमाणपत्र पनि छ । जन्मदर्ता प्रमाणपत्र पाएर मेरी छोरी खुशी छिन् ।"*
>
> **– सलिना**

[२] स्थानीय बाल अधिकार समितिहरु पालिका तहमा स्थानीय जनप्रतिनिधिको नेतृत्वमा सञ्चालित समुदायस्तरका बाल संरक्षण समितिहरु हुन् । यी समितिले बालबालिकाको संरक्षणसँग सरोकार राख्ने विषयमा रिपोर्टिङ तथा रिफरल संयन्त्र निर्माण गरी कार्यक्रमगत गतिविधिहरु गर्दछन् ।



## समुदायमा बालबालिकाको पहिचान बनाउने तथा सहभागिता बढाउने माध्यमका रूपमा रूपान्तरण

जन्मँदे निर्पाको हातमा समस्या थियो । सानो छँदा उसको अवस्थाप्रति मानिसहरू बारम्बार टिका टिप्पणी गर्थे, गाउँलेहरू उसलाई श्राप लागेको तथा भूत लागेको भन्ने जस्ता नराम्रा आरोप लगाउँथे । उनले परिवार र टोल छिमेकको साथ पाएनन् र आत्मविश्वास गुम्दै गयो । गाउँमा रूपान्तरण कार्यक्रम सुरू भएपछि वर्ल्ड भिजन र स्थानीय सरकारको पहलमा निर्पालाई रूपान्तरणका कक्षामा सहपाठी शिक्षकका रूपमा भर्ना गरियो । उनको अपाङ्गताका कारण समुदायले सुरुमा यस्तो कक्षा सञ्चालन गर्न सक्ने क्षमतामा शंका गरे । "मैले उक्त पदका लागि आवेदन दिने कि नदिने सोच्दै धेरै दिन बिताएँ । आवेदन दिन म हिच्किचाइरहेको थिएँ किनकि यो जिम्मेवारी पूरा गर्न सक्छु भन्ने मलाई आत्मविश्वास थिएन," निर्पाले भने । छनोट भइसकेपछि पनि फरक शारीरिक क्षमताका कारण उनलाई आफैँमा शंका थियो ।

रूपान्तरणका कक्षाले उनलाई जीवनप्रतिको दृष्टिकोण परिवर्तन गर्न मद्दत गऱ्यो । रूपान्तरणका कक्षामा सहभागी भएपछि जीवनप्रति सकारात्मक दृष्टिकोण राख्न सहयोग पुगेको निर्पाले बताए । उनले भने, "डिसेम्बर २०२१ मा रूपान्तरण तथा आत्मरक्षासम्बन्धी तेह्र दिने प्रशिक्षक प्रशिक्षणमा सहभागी भएपछि मेरो दृष्टिकोण नै बदलियो । मैले किशोर किशोरीका जीवनका विभिन्न चरणमा आउने चुनौतीहरूबारे सिक्ने अवसर पाएँ । रूपान्तरणका पाठ्यक्रममा जीवनोपयोगी सीप शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य अधिकार र नागरिक सहभागिताजस्ता विषयवस्तुहरू समावेश भएकाले यिनले मलाई जीवनको नैतिक मूल्य बुझी समुदायमा सकारात्मक परिवर्तन ल्याउन र मानिसको धारणामा परिवर्तन ल्याउन सघाए । यसले ममा थप आत्मविश्वास बढायो," उनले सुनाए । अहिले निर्पा रूपान्तरणको प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सिकेका कुरा समुदायमा गएर सिकाइरहेका छन् । उनी र उनका अर्का एकजना प्रशिक्षक सहपाठी मिलेर गाउँका युवा, किशोरकिशोरी र बालबालिकालाई जीवनोपयोगी सीप सिकाइरहेका छन् । उनले बालबालिकालाई आत्मरक्षाका उपायहरू पनि सिकाइरहेका छन् ।

# विपद् जोखिम व्यवस्थापन तथा मानवीय प्रतिकार्य



मानवीय सहायताका क्षेत्रमा काम गर्ने संस्थाका रूपमा वर्ल्ड भिजनले विपद्का समयमा समुदाय र नेपाल सरकारलाई सक्रिय रूपमा सहयोग गरिरहेको छ । विपद्बाट प्रभावित घरपरिवारका तत्कालका आवश्यकता सम्बोधन गर्ने उद्देश्यका लागि वर्ल्ड भिजनले आर्थिक वर्ष २०२२ मा बाढी, पहिरो र भूकम्पका बेला स्थानीय सरकारसँग समन्वय गरी प्रभावितहरूलाई सहयोग गऱ्यो । वर्ल्ड भिजनले कर्णालीका जुम्ला, मुगु र कालिकोट गरी ३ वटा जिल्लाका ८ वटा नगरपालिकामा पहिरोबाट प्रभावित १८,६९४ जना व्यक्तिलाई सहयोग गर्यो । त्यहाँ ८२१ घरधुरीलाई खाद्यान्न तथा गैरखाद्य सामग्री र ३०० घरधुरीलाई अस्थायी आश्रय स्थलमा प्रयोग हुने सामग्रीहरु सहयोग गरिएको थियो । सोही क्रममा डोटी जिल्लाको पूर्वीचौकी गाउँपालिकाका भूकम्पपीडित ३१ घरधुरीलाई सहयोग गर्न वर्ल्ड भिजन तुरून्तै उपस्थित भएको थियो ।

विपद् पूर्वतयारीका लागि वर्ल्ड भिजनले भूकम्प, बाढी र पहिरोजस्ता विपद्का बेला प्रतिकार्य गर्न विद्यालयहरूलाई नमुना अभ्यास/कृत्रिम अभ्यास गराई सहयोग गरेको छ । विपद्को जोखिममा रहेका विभिन्न समुदायमा प्राथमिक उपचारसम्बन्धी तालिम पनि सञ्चालन गरेको छ ।

लमजुङ, सिन्धुली, अछाम र उदयपुर गरी चार जिल्लामा स्थानीय सरकार र नेपाल प्रहरीका प्रतिनिधि, सञ्चारकर्मी र विद्यालय शिक्षक गरी ४६ जना सहभागी (७ पुरुष र ३९ महिला) लाई पहिरोको पूर्वतयारीसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम र पुनर्ताजगी तयारी तालिम दिनुका साथै कृत्रिम अभ्यास गराइयो र कोप पहिरो (COPE Landslide) सम्बन्धी पुस्तक पनि प्रदान गरिएको छ ।



# पूर्वाधारमा सुधार भएपछि विद्यार्थीहरू शितलपुर प्राथमिक विद्यालयमा जान प्रेरित

शितलपुर प्राथमिक विद्यालय सर्लाहीको पर्सा गाउँपालिकाका स्थानीय बासिन्दाको पहलमा स्थापना भएको सामुदायिक विद्यालय हो । "विद्यालय थोरै जग्गामा छ । यहाँ विद्यार्थीका लागि उपयुक्त खेल मैदान र विद्यालय भवनका लागि पर्याप्त ठाउँको अभाव थियो । विद्यालयमा शौचालय प्रयोग गरेपछि हात धुने निश्चित ठाउँ थिएन । शिक्षक र हाम्रा विद्यार्थीहरू स्कूलमा हुँदा दिनभर हात धोएनौं । विद्यालयमा दुईकोठे भवन निर्माणका लागि गरेको सहयोगले विद्यार्थीहरूलाई नयाँ कक्षा कोठामा पढ्न सजिलो भएको छ । विद्यालयमा गुनासो संयन्त्र स्थापना गरियो जसको कारण स्थानीयहरूले विद्यालय नजिकै खेल मैदानका लागि थोरै जमीन दान गरे भने गाउँपालिकाले उक्त जग्गामा खेल मैदान निर्माण गर्ने प्रतिबद्धता जनायो । विद्यालय जाने सडक पनि अहिले राम्रो भएको छ," विद्यालयका प्रधानाध्यापक सुशीलले सुनाए । "सिकाइ परियोजना अन्तर्गत बनाइएको हात धुने ठाउँले विद्यार्थी र शिक्षकहरूलाई शौचालय प्रयोग गरेपछि नियमित हात धुन प्रोत्साहित गरेको छ । नियमित हात धुने बानीले सरूवा रोग सर्ने दरमा कमी आएको छ । यसले कक्षाकोठामा विद्यार्थीको उपस्थिति बढेको छ," सुशीलले भने । गुनासो संयन्त्रले विद्यार्थीलाई आफ्ना समस्या गाउँपालिका कार्यालयसमक्ष सुनाउन मद्दत गरेको र सार्वजनिक सुनुवाइमार्फत् आफ्ना समस्या गाउँपालिकासम्म पुऱ्याएको पनि प्रधानाध्यापकले बताए । फलस्वरूप, विद्यालय नजिकैको १० कट्ठा (३६,४५० वर्गफिट) जग्गामा खेल मैदान निर्माण गरिनेछ ।

शितलपुर प्राथमिक विद्यालयमा हाल २५६ विद्यार्थी अध्ययनरत छन् । किन्डरगार्टेनदेखि कक्षा ४ सम्मका कक्षाहरू सञ्चालन भइरहेकाले विद्यालयमा पढ्ने विद्यार्थीको संख्या पहिलेभन्दा बढ्दै गएको छ ।

NEPAL INNOVATION LAB

## नेपाल इनोभेसन ल्याब

नेपाल इनोभेसन ल्याबले मानवीय कार्य तथा विकाससम्बन्धी कुशलतामा थप सुधार गर्न देशभित्रका र अन्तर्राष्ट्रिय स्तरका संघसंस्थासँग मिली समस्या समाधानका विभिन्न उपायहरू विकास गरी तिनको परीक्षण समेत गरेको छ । आ. व. २०२२ मा वर्ल्ड भिजनले 'रमाइलो यात्रा' नामक बोर्ड गेम तयार पा¥यो । यसले बालबालिकालाई सानै उमेरमा बाल संरक्षणसँगध सम्बन्धित समस्या बुझ्न सघाउनेमा केन्द्रित छ । यसले सहभागिता, मनोरञ्जन र सशक्तीकरणका माध्यमबाट यीमध्ये कतिपय समस्या हल गर्ने आवश्यक उपाय पनि सिकाउँछ । 'रमाइलो यात्रा' नामक बोर्ड गेमको प्रतिलिपि अधिकार नेपालमा दर्ता गरिएको छ । नेपालका २२ जिल्लाका विभिन्न विद्यालयलाई यस खेलका २,००० भन्दा बढी प्रतिहरू वितरण पनि गरिसकिएको छ र ३२,००० विद्यार्थीले यसबाट लाभ लिन सक्छन् । यस खेलमा चार वटा समूह चाहिन्छ र प्रत्येक समूहमा चार जना सदस्य हुन्छन् । यो खेल सोमालियामा खेलेर परीक्षण पनि गरिएको थियो । यसका आधारमा अन्य क्षेत्रमा यसमा परिमार्जन गरिनेछ । खेलकै कुरा गर्दा, आस्था र विकासको 'यात्रा' (व्यगचलभथ) नामक खेल पनि दक्षिण एसिया प्रशान्त क्षेत्रमा खेलेर परीक्षण गरिएको छ । यस क्षेत्रका सबै ठाउँमा २०२३ मा यसको कार्यान्वयन गर्ने पनि योजना छ ।

नेपाल इनोभेसन ल्याबले कैलालीमा प्लास्टिक इन्सुलेटिङ पोलिफ्लस फर इकोनोमिक रुफिङ अर्थात् छोटकरीमा पाइपर (एक्ष्एभ्ч) परियोजना पनि सुरू गरेको छ । यसअन्तर्गत विद्यालयबाट फोहोर प्लास्टिकहरू संकलन गरी प्रशोधन गरेर पोलिफ्लस तयार पारिन्छ । पोलिफ्लस भनेको उच्च इन्सुलेटिङ गुण भएको फाइबर युक्त सामग्री हो । यसलाई कक्षाकोठामा तापको प्रसार रोकी बालबालिकाको सिकाइ वातावरणमा सुधार ल्याउन प्रयोग गरिन्छ । यसले गर्मी महिनामा कक्षाकोठा चिसो बनाउँछ, वर्षा याममा हल्ला कम गराउँछ र जाडो महिनामा न्यानो र सुख्खा बनाउँछ ।



*वर्ल्ड भिजन अस्ट्रेलियाकी सद्भावना दूत सामन्था नेपाल भ्रमणका क्रममा चिसापानी क्षेत्र कार्यक्रमको बचत तथा रूपान्तरण समूहका लाभग्राही महिलासँग अन्तर्क्रिया गर्दै ।*

# बाल स्पोन्सरसीप

वर्ल्ड भिजनको बाल स्पोन्सरसीप कार्यक्रमले स्पोन्सर र जोखिममा रहेका बालबालिकाबीच सम्पर्क स्थापित गर्छ र दुवैलाई जीवनमा समृद्धिको अनुभव प्रदान गर्छ । स्पोन्सरसीपको लक्ष्य बालबालिकाको सम्वृद्धि बढाउनु हो । सम्वृद्धिका लागि बालबालिका आजका आवश्यकता पूरा हुने र भोलिको आश जगाउने एवम् अवसर प्रदान गर्ने वातावरणमा हुर्कनु आवश्यक छ । सबै बालबालिका स्वस्थ हुनुपर्छ र जीवनमा शिक्षा, संरक्षण, हेरचाह र सहभागिताको अवसर प्राप्त गर्नुपर्छ भन्ने सुनिश्चितताका लागि बाल स्पोन्सरसीप कार्यक्रमले समुदायलाई सहयोग गर्दछ ।

वर्ल्ड भिजनले स्पोन्सरसीपप्राप्त बालबालिकासँग सहकार्य गर्छ र उनीहरूलाई जीवनको सम्पूर्णताबाट वञ्चित गर्ने व्यवधानहरु हटाउन सहयोग गर्छ । परियोजनाअन्तर्गत समुदायमा भएका कार्यक्रमहरूले स्पोन्सरसीपमा दर्ता भएका बालबालिकालाई मात्र नभई समुदायका सबै बालबालिका र तिनका परिवारलाई पनि फाइदा पुर्याउछ । स्पोन्सरले समुदायबाट प्रगति रिपोर्ट र स्पोन्सर गरिएका बालबालिकासँग व्यक्तिगत रुपमा पनि सञ्चार सम्पर्क गरी यी परिवर्तनहरु भए नभएको हेर्न सक्छन् । स्पोन्सरले उनीहरूले सहयोग गरेका बालबालिका र तिनका परिवारलाई लिखित रुपमा वा प्रत्यक्ष भेटेर पनि प्रोत्साहन गर्छन् । आ. व. २०२२ को अन्त्यसम्ममा नेपालमा वर्ल्ड भिजनको यस परियोजनाअन्तर्गतका कार्यक्रमहरूबाट बाल स्पोन्सरसीप कार्यक्रममा दर्ता भएका ६१,६०० भन्दा बढी बालबालिका लाभान्वित भएका छन् ।




## भनाइ

अञ्जलीले रूपान्तरणको १० दिने जीवनोपयोगी सीप तथा आत्मरक्षा सीप तालिममा सहभागी हुने अवसर पाएकी थिइन् । तालिमले उनलाई निर्धक्क बोल्न र नलजाइकन आफूलाई प्रस्तुत गर्न सक्ने बनाएको छ । अञ्जली रूपान्तरण कक्षाकी सहजकर्ता हुन् र समुदायका बालबालिकालाई थप सक्षम बनाउन लागिपरेकी छिन् । "प्रशिक्षणको पहिलो दिन म चुप लागेर बसेकी थिएँ । हाम्रो गाउँबाट तालिममा भाग लिने म मात्रै भएकोले म नबोली बसेकी थिएँ । रूपान्तरणमा १० दिन सक्रिय रूपमा सहभागी भइसकेपछि मेरो आत्मविश्वासमा परिवर्तन आएको छ । मैले किशोरावस्थामा जीवनको लक्ष्य राख्नुपर्ने र उक्त लक्ष्य हासिल गर्ने दिशामा काम गर्नुपर्ने पाठ सिकेकी छु," उनले भनिन् । अञ्जली र उनका बाल क्लबका साथीहरूले प्रहरी प्रशासन र स्थानीय सरकारसँग मिलेर समुदायमा बालविवाह, बालश्रम र बालबालिकामाथि हुने विभिन्न किसिमका हिंसा रोक्न सक्रिय रूपमा काम गर्दै आएका छन् ।



# स्थानीयदेखि विश्वस्तरसम्मको पैरवीमा संलग्नता



वर्ल्ड भिजन नेपालले गर्ने पैरवीले बालबालिकाको सम्वृद्धिका लागि पहिचान गरिएका विषयगत क्षेत्रहरूमा रणनीतिक सहकार्यलाई सुदृढ पार्ने उद्देश्य राखेका छन् । यसका साथै सामाजिक उत्तरदायित्व र दिगो विकास लक्ष्य, अभियान, बालमैत्री स्थानीय शासन र नीति निर्माणका क्षेत्रमा ध्यान केन्द्रित गरी अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने पनि लक्ष्य रहेको छ ।

यसो गर्नुको उद्देश्य संघीय, प्रादेशिक र स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र, दाता, प्राज्ञिक क्षेत्र र अन्तर-आस्था सञ्जालसँग सहकार्य गरी बालबालिकाको जीवनस्तरमा सुधार गर्न आवश्यक स्रोतसाधनको बाँडफाँड र उपयोगलगायत विभिन्न प्रणाली र संरचनाको सुदृढीकरणमा सहयोग गर्नु रहेको छ ।

आ. व. २०२२ मा वर्ल्ड भिजनले विभिन्न कार्यक्रमहरूमा संलग्न भई स्थानीय मुद्दाहरूलाई राष्ट्रिय र विश्वव्यापी परिवेशसँग जोड्ने काम गऱ्यो । वर्ल्ड भिजनले पञ्जीकरण र अत्यावश्यक तथ्याङ्क राख्ने प्रक्रियामा काम गऱ्यो, जसबाट आफ्ना कार्यक्रम क्षेत्रबाट घटना दर्ताका मुद्दाहरूलाई बाल अधिकार समिति एशियासँग जोड्यो । त्यस्तै, बाल संरक्षणका मुद्दामा रणनीतिक तहमा सहभागी हुन राष्ट्रिय कार्य समन्वय समूहसँग सहकार्य गऱ्यो । बालश्रम अन्त्य गर्न वर्ल्ड भिजन नेपाल र राष्ट्रिय कार्य समन्वय समूहले प्रादेशिक र राष्ट्रिय स्तरमा परामर्श छलफलहरु आयोजना गरेका छन् । प्रादेशिक स्तरमा गरिएको परामर्श (भर्चुअल) र राष्ट्रिय स्तरमा गरिएको परामर्शले दक्षिण अफ्रिकामा आयोजना हुने पाँचौं विश्व सम्मेलनमा प्रस्तुत गर्नका लागि बालश्रम न्यूनीकरणसँग सम्बन्धित सुझावहरु प्रदान गरेका थिए । यो प्रतिवेदन दक्षिण एसियाली कार्य समन्वय समूहसमक्ष र नेपालका तर्फबाट पाँचौं विश्व सम्मेलनमा सहभागी प्रतिनिधिहरूसमक्ष प्रस्तुत गरिएको थियो ।

वर्ल्ड भिजनका पैरवी कार्यक्रमअन्तर्गत नीति निर्माण प्रक्रियालाई प्रभाव पार्न मन्त्रालय र संसदीय समितिहरूसँग निरन्तर छलफल गरी नीति निर्माणमा सहयोग गरिएको छ । संघीय र प्रादेशिक तहमा गरी जम्मा २६ वटा नीति तथा निर्देशिका बनाउने काममा सहयोग गरिएको छ । माथि उल्लिखित सबै नीतिहरु दिगो विकास लक्ष्य र आवधिक योजनाका राष्ट्रिय सूचकअनुरूप तर्जुमा वा परिमार्जन गरिएका छन् ।

वर्ल्ड भिजनले स्थानीय सरकारसँगको सहकार्यमा वडास्तरमा क्षमता अभिवृद्धिका विभिन्न क्रियाकलापहरु सञ्चालन गऱ्यो । यस किसिमको निरन्तर संलग्नता र प्राविधिक तथा आर्थिक सहयोगका कारण विभिन्न छ वटा वडाहरु (अछामको मेल्लेख गाउँपालिकाको वडा नं-३, लमजुङको बेसीशहरमा वडा नम्बर १ र ६, उदयपुरको रौतामाईका वडा नं-४ र २, र सिन्धुलीको तिनपाटनको वडा नम्बर-१०) लाई २०२२ मा बालमैत्री स्थानीय शासन वडा घोषणा गरियो । बालमैत्री स्थानीय शासनका क्षेत्रमा केही नयाँ पहलहरु पनि अघि बढेका छन् । उदाहरणका लागि सिन्धुली जिल्लाको तिनपाटन नगरपालिकाको वडा नं. १० ले आफ्नो वडाभित्रका बालबालिकालाई लक्षित गरी सिकाइ केन्द्रको सुरूवात गऱ्यो भने चन्द्रागिरीको वडा नं. १४ ले बालश्रम विरूद्ध अन्तर्राष्ट्रिय दिवसका अवसरमा १६ जुनमा बालश्रम उन्मूलन राष्ट्रिय गुरूयोजना र नगरपालिकाको कार्ययोजना बमोजिम वडालाई बालश्रममुक्त वडा घोषणा गऱ्यो ।

## आ.व. २०२२ मा वर्ल्ड भिजनले बालमैत्री स्थानीय शासन घोषणाका लागि सहकार्य गरेका पालिकाहरू

| नगरपालिका/ गाउँपालिका | जिल्ला | वडा नं. |
|---|---|---|
| मेल्लेख आरएम | अछाम | ३ |
| बेसीशहर आरएम | लमजुङ | १ |
| बेसीशहर आरएम | लमजुङ | ६ |
| रौतामाई आरएम | उदयपुर | २ |
| रौतामाई आरएम | उदयपुर | ४ |
| तीनपाटन आरएम | सिन्धुली | १० |

आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजन नेपालले पैरवी पहलअन्तर्गत बालविवाह अन्त्यका लागि राष्ट्रिय नीति तर्जुमा गर्न र बालविवाह विरूद्ध लड्न सामुदायिक र कानुनी प्रणालीलाई बलियो बनाउन मद्दत गऱ्यो भने बालविवाह अन्त्य गर्ने सवालमा विभिन्न सरोकारवाला, निजी क्षेत्र, सहकर्मी संस्थाहरूसँग सहकार्यमा काम गऱ्यो ।

## नागरिक आवाज र कर्तव्य कार्यक्रमले स्थानीय पैरवी

वर्ल्ड भिजनले स्वास्थ्य तथा शिक्षाका कार्यक्रमहरूमा नागरिक आवाज र कर्तव्य कार्यक्रम लागू गर्दै आएको छ । आर्थिक वर्ष २०२२ मा स्वास्थ्य कार्यक्रमअन्तर्गत ६४ वटा स्वास्थ्य संस्थाले नागरिक आवाज र कर्तव्य अवलम्बन गरेका छन् भने शिक्षा कार्यक्रममा ७५ वटा विद्यालयले यसलाई लागू गरेका छन् । नागरिक आवाज र कर्तव्य समूहले स्वास्थ्य सुविधा र विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गरी जवाफदेहिता सुनिश्चित गर्ने काम गर्नेछन् ।

## सक्षम बालबालिकाले स्थानीय सरकारलाई प्रभाव

सत्र वर्षीया विभा महोत्तरी जिल्लाको साम्सी गाउँपालिकामा रहेको गोर्खाली रूपान्तरण (जीवनोपयोगी सीप तालिम) क्लबकी सक्रिय सदस्य हुन् । अन्य किशोरकिशोरीहरूसँग मिलेर उनले महोत्तरीका राजनीतिक नेताहरूलाई उनीहरूका चुनावी घोषणापत्रमा बालबालिकाका मुद्दा उठाउन आग्रह गर्दै १७ बुँदे ज्ञापनपत्र बुझाइन् । "आर्थिक अवस्था कमजोर भएकाले अभिभावकले बालबालिकालाई विद्यालयमा भर्ना गर्न नसक्दा उनीहरू सानै उमेरमा विवाह गर्न बाध्य छन् भने बालबालिकालाई कानुनविपरीत राजनीतिक गतिविधिमा प्रयोग गर्ने काम भइरहेको छ । त्यसैले हामीले राजनीतिक नेताहरूलाई आफ्ना नीतिहरूमा हाम्रा समस्याहरू सम्बोधन गर्न आग्रह गरेका छौं," विभाले जोड दिँदै भनिन् ।

वर्ल्ड भिजन नेपालद्वारा सुरू गरिएको एउटा प्रमुख अभियान थियो, जसमा छ जिल्लाका करिब ७४० किशोरकिशोरीहरूले आफ्नो समुदायमा यस्तो रूपान्तरणका लागि नेतृत्व गरेका थिए । राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा बालिका शिक्षा प्रवर्द्धन गर्ने, बालविवाह अन्त्य गर्ने, बालमैत्री वातावरण निर्माण गर्ने लगायतका प्रतिबद्धता जनाएकाले किशोरकिशोरीहरूले गरेका प्रयास सफल भएका छन् । यसै वर्ष २०७९ सालको बैशाखमा स्थानीय तहको निर्वाचनपछि स्थानीय सरकारको नेतृत्व गर्न नयाँ राजनीतिक नेताहरू नियुक्त भए । "नयाँ आएका स्थानीय सरकारले ल्याएका नीतिले बालश्रम अन्त्य गर्ने, बाल क्लबहरू प्रवर्द्धन गर्ने, बाल संरक्षण प्रणालीलाई सुदृढ गर्ने जस्ता विषयहरू समावेश गरेका छन् । हामीजस्ता बालबालिकाका लागि यो विजयको क्षण हो किनभने हाम्रा आवश्यकता सुन्ने मात्र नभएर नीतिमा पनि उल्लेख गरिएको थियो," बाल क्लबका सदस्य चेतनले भने ।




## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

वर्ल्ड भिजन नेपालले लैङ्गिक सम्बन्धमा हुने परिवर्तनले गरिबीको मूल कारणलाई सम्बोधन गर्न र दिगो विकासलाई प्रवर्द्धन गर्न योगदान पुऱ्याउने विश्वास गर्छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्राविधिक कार्यक्रम, संगठनात्मक नीति र प्रणालीमा सम्मिलित गरिएको छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई अगाडि बढाउनका लागि निम्न सिद्धान्तहरूमा जोड दिइएको छ : क) कर्मचारीमा भेदभावरहित व्यवहार र समान अवसरको सिद्धान्तलाई अनुसरण गर्ने, ख) महिला र बालिकाको सशक्तीकरण र पुरुष तथा बालकहरूको संलग्नतामार्फत् हानिकारक शक्ति असन्तुलनलाई सम्बोधन गर्ने, ग) हानिकारक परम्परागत अभ्यासलगायत सबै प्रकारका लैङ्गिक हिंसाको रोकने, घ) मानवीय सहायतालगायत कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा लैङ्गिक अवधारणालाई मूलधारमा ल्याउने, ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणप्रतिको प्रतिबद्धतालाई संस्थागत संस्कृति, प्रणाली, अभ्यास र मूल्यमान्यतामा समावेश गरी आन्तरिकीकरण गर्ने, र च) साझेदार गैससको लैंगिक क्षमता अभिवृद्धि गर्ने ।

यसलाई व्यवहारमा रूपान्तरण गर्न र संस्थागत नीति, संस्कृति, अभ्यास र कार्यक्रमगत तथा अन्य रणनीतिक उद्देश्यहरू (नीतिगत पैरवी र स्रोत परिचालन) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई समाहित गर्न कार्यढाँचा (के, किन) र कार्यविधि (कसरी) को आवश्यकता महसुस गरी आर्थिक वर्ष २०२२ मा यस सम्बन्धी कार्यढाँचा निर्माण गरी प्रबोधीकरणपछि कार्यान्वयनमा समेत ल्याइएको छ ।

# कार्यक्रम जवाफदेहिता

कार्यक्रम निर्माण, संचालन, अनुगमन र मूल्याङ्कनमा जवाफदेहिता अभिवृद्धि गर्न वर्ल्ड भिजन प्रतिबद्ध छ । सूचना उपलब्ध गराउने, समुदायसँग परामर्श गर्ने, सहभागिता बढाउने र गुनासो सम्बोधन गर्ने, आदि वर्ल्ड भिजनको जवाफदेहिता प्रणालीका आधारभूत कुराहरू हुन् । आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजनले विकास तथा मानवीय सहायताका कार्यक्रमहरूमा सामुदायिक परामर्शलाई विस्तार एवम् समुदायका सुझाव र प्रतिक्रिया संयन्त्रहरूलाई व्यवस्थापन गरी प्रभावकारी सूचना आदानप्रदानमार्फत् जवाफदेहिताका सिद्धान्त र अभ्यासलाई बलियो बनाएको छ । वर्ल्ड भिजनले समुदायमा स्थापना गरेका जवाफदेहिता संयन्त्र र गुनासो संयन्त्रहरूबारे सूचना प्रदान गर्न जानकारीमूलक सामग्री, जस्तै पर्चा, फ्लायर, सूचना तथा होर्डिङ बोर्ड, सार्वजनिक सूचना, आदिको निर्माण गरियो ।

कार्यक्रममा समुदाय र सरकारलगायत अन्य सम्बन्धित सरोकारवालाहरूसँगको परामर्शलाई कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन चरणको अभिन्न अंगका रूपमा स्थापित गरिएको छ । लाभग्राही छनोट गर्दा समुदाय र सरोकारवालाका सुझाव र सरोकारलाई सम्बोधन गर्ने पारदर्शी र सहभागितामूलक विधि प्रयोग गरी सबैभन्दा जोखिममा रहेका समुदायका सदस्यहरूलाई छनोट गरिएको छ ।

सुझाव तथा प्रतिक्रिया संयन्त्रले समुदायका विभिन्न सरोकारवालालाई निशंकोच आफ्ना चासो, सुझाव र विचार व्यक्त गर्न सक्ने बनाएको छ । फलस्वरूप, वर्ल्ड भिजनप्रति समुदायका मानिस र बालबालिकाको आफ्नो विश्वास बढेको छ किनभने उनीहरूले वर्ल्ड भिजनले आफ्ना सरोकारप्रति चासो राख्छ, आफ्ना आवाज सुन्छ र उपयुक्त प्रतिक्रिया पनि दिन्छ भन्नेमा विश्वस्त छन् । अन्ततः, यी सबै प्रयास र संयन्त्रहरूले हामीले सेवा गर्ने समुदायमा जवाफदेहिता, पारदर्शिता र वर्ल्ड भिजनको प्रतिष्ठा बढाउन मद्दत पुऱ्याएका छन् ।

आर्थिक वर्ष २०२२ मा वर्ल्ड भिजनको सामुदायिक जवाफदेहिता तथा सुझाव प्रणालीमा कुल १४,६३१ गुनासो/सुझाव दर्ता भएका थिए । तीमध्ये एक चौथाईभन्दा बढी (२६.२%) सुझाव बालबालिकाका थिए भने बाँकी ७३.८% वयस्कका थिए । लिङ्गका आधारमा हेर्दा आधाभन्दा अलि बढी (५०.७%) गुनासो/सुझाव महिलाका थिए । तीमध्ये लगभग दुई तिहाइ (६५.०%) धन्यवाद तथा प्रशंसा थिए भने बाँकी अनुरोध/माग (१९.९%) र कार्यक्रम गुणस्तर (५.०%) सँग सम्बन्धित थिए । प्राप्त सुझावमध्ये दुई तिहाइ (६३%) गुनासो/सुझावलाई समयमै प्रतिक्रिया दिइएको थियो भने एक तिहाइ गुनासो/सुझावलाई थप केही गर्नु परेन किनभने तीमध्ये धेरैजसो धन्यवाद र प्रशंसा, अनुरोध/माग र प्रतिबद्धताका बारेमा थिए ।




# कार्य क्षेत्रहरू

| प्रदेश | जिल्ला | स्थानीय तह | वडा |
|---|---|---|---|
| सुदूरपश्चिम | अछाम | कमलबजार नगरपालिका | २,३,४,५ |
| | | पञ्चदेवल विनायक नगरपालिका | १,२,३,४,६,७ |
| | | मेल्लेख गाउँपालिका | १,२,३,४,५,६,७,८ |
| | | साँफेबगर नगरपालिका | ४ |
| | बझाङ | जयपृथ्वी नगरपालिका | १,२,३,४,५,६,७,८,९,१०,११ |
| | | केदारस्यूँ गाउँपालिका | १,२,३,४,५,६,७,८,९ |
| कर्णाली | दैलेख | भगवतीमाई गाउँपालिका | २,३,४,५,६ |
| सुदूरपश्चिम | डोटी | आदर्श गाउँपालिका | १,२,३,४,५,७ |
| | | दिपायल सिलगढी नगरपालिका | २,९ |
| | | सायल गाउँपालिका | ४,५,६ |
| | | पूर्वीचौकी गाउँपालिका | १,२,३ |
| कर्णाली | जाजरकोट | भेरी नगरपालिका | ७,८,९,१०,१२ |
| | | भेरी नगरपालिका | ७,८,९,१०,१२ |
| | जुम्ला | चन्दननाथ नगरपालिका | १,२,३,४,५,८,९,१० |
| | | तातोपानी गाउँपालिका | १,२,३,५,६ |
| | | पातारासी गाउँपालिका | ४,५,६,७ |
| | | गुठीचौर गाउँपालिका | ३,४ |
| | | कनकासुन्दरी गाउँपालिका | १,२,३,४,५,६,७,८ |
| | | सिञ्जा गाउँपालिका | १,२,३,४,५,६ |
| | | हिमा गाउँपालिका | १,२,३,४,५,६,७ |
| | | तीला गाउँपालिका | १,२,३,४,५,६,७,८,९ |
| सुदूरपश्चिम | कैलाली | टिकापुर नगरपालिका | ६,७,८,९ |
| | | कल्लेरी नगरपालिका | ४,८,९ |
| | | गौरीगंगा नगरपालिका | १०,११ |
| | | घोडाघोडी नगरपालिका | १,२,३,५,६,७,८,१०,११,१२ |
| | | भजनी नगरपालिका | १,२,३,४,५,७,९ |
| | कञ्चनपुर | कृष्णपुर नगरपालिका | १,२,४,७,९ |

| प्रदेश | जिल्ला | स्थानीय तह | वडा |
|---|---|---|---|
| वागमती | काठमाडौँ | कीर्तिपुर नगरपालिका | १,२,३,४,५,६,७,८,९,१० |
| | | काठमाडौँ महानगरपालिका | १६ |
| | ललितपुर | ललितपुर महानगरपालिका | १५ |
| गण्डकी | लमजुङ | बेँसीशहर नगरपालिका | १,२,३,५,६,७,८,९,१०,११ |
| | | सुन्दरबजार नगरपालिका | २,५,६,७,८,९ |
| | | क्व्होलासोथार गाउँपालिका | १ |
| | | दोर्दी गाउँपालिका | ८,९ |
| मधेश | महोत्तरी | एकधारा गाउँपालिका | १,२,३,४,५,६ |
| | | साम्सी गाउँपालिका | १,२,३,४,५,६,७ |
| | रौतहट | गरूडा नगरपालिका | १,२,३,४,५,६,७,८,९ |
| | | माधवनारायण गाउँपालिका | १,२,३,४,५,६,७,८,९ |
| | सर्लाही | ब्रम्हापुरी गाउँपालिका | १,२,३,४,५,६,७ |
| | | चन्द्रनगर गाउँपालिका | १,२,३,४,५,६,७ |
| | | पर्सा गाउँपालिका | १,२,३,४,५,६ |
| | | हरिपूर्वा नगरपालिका | १,२,३,४,५,६,७,८,९ |
| वागमती | सिन्धुली | गोलाञ्जोर गाउँपालिका | १,२,३,४,५,६,७,८,१०,११ |
| | | फिक्कल गाउँपालिका | २,३,४,५ |
| | | तीनपाटन गाउँपालिका | १,४,५,६,७,८,९,१० |
| कोशी | उदयपुर | ताप्ली गाउँपालिका | १,२,३,५ |
| | | लिम्चुङबुङ गाउँपालिका | १,५ |
| | | रौतामाई गाउँपालिका | १,२,३,४,५,६,७,८ |
| | | त्रियुगा नगरपालिका | १५ |
| | | उदयपुरगढी गाउँपालिका | १,२ |
| | | कटारी नगरपालिका | ८,९ |




शिक्षा
स्वास्थ्य र पोषण
संरक्षण
जीविकोपार्जन
विपद् जोखिम न्यूनीकरण
नीति र वकालत
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
बागमती प्रदेश
कोशी प्रदेश
मधेश प्रदेश
दार्चुला
बझाङ्ग
बैतडी
बाजुरा
डडेलधुरा
डोटी
अछाम
कञ्चनपुर
कैलाली
हुम्ला
मुगु
कालिकोट
जुम्ला
डोल्पा
दैलेख
जाजरकोट
रुकुम-पश्चिम
रुकुम-पूर्व
सुर्खेत
बर्दिया
सल्यान
बाँके
रोल्पा
दाङ्ग
प्युठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
परासी
मुस्ताङ्ग
मनाङ्ग
म्याग्दी
बाग्लुङ्ग
कास्की
लमजुङ्ग
गोर्खा
स्याङ्जा
तनहुँ
नवलपुर
चितवन
काठमाण्डौ
भक्तपुर
ललितपुर
रसुवा
नुवाकोट
सिन्धुपाल्चोक
धादिङ्ग
दोलखा
मकवानपुर
काभ्रेपलाञ्चोक
रामेछाप
सिन्धुली
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ्ग
ओखलढुंगा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ्ग
झापा
सप्तरी
सिराहा
धनुषा
महोत्तरी
सर्लाही
रौतहट
बारा
पर्सा





# नयाँ अनुभव बटुली समुदायलाई सेवा गर्दै प्रगति

प्रगति झण्डै १० वर्षकी हुँदा एकदिन कोही एकजना महिला उनको घरमा आइन् । ती महिलाले प्रगतिका बाबुआमासँग कुरा गरिन् र उनका बारेमा सोधपुछ गरी केही जानकारी लिइन् । प्रगतिको नाम अब वर्ल्ड भिजनको बाल स्पोन्सरसीप कार्यक्रममा दर्ता गरिएको कुरा ती महिला फर्केर गएपछि प्रगतिका बाबुआमाले उनलाई सुनाए । यो भनेको के हो त्यसबेला उनलाई थाहा थिएन ।

प्रगतिको घर काठमाडौँको रामकोटमा थियो । घर एकतले थियो । घरमा बाबुआमा र दिदी थिए । घरमा कमाइ गर्ने मान्छे उनका बाबु मात्रै थिए, अरु कोही थिएनन् । त्यसले गर्दा प्रगतिका बाबुआमालाई बालबच्चाका लागि शैक्षिक सामग्री किन्ने भन्ने त कुरै छोडौँ परिवारका आधारभूत आवश्यकता पूरा गर्न नै मुस्किल थियो । वर्ल्ड भिजनको बाल स्पोन्सरसीप कार्यक्रममा दर्ता भएपछि उनले किताब कापी राख्ने झोला, नोटकापी, सिसाकलम, कलमजस्ता शैक्षिक सामग्रीहरु र सिकाइसम्बन्धी अन्य विभिन्न सामग्रीहरु पाइन् । यसबाट उनलाई अझ राम्रोसँग पढ्ने प्रेरणा मिल्यो । सहयोग गर्ने प्रतिबद्धतासहित स्पोन्सरको चिठी पाएपछि झन् उनले माया र स्नेह पाएको एवम् आफूलाई पनि कसैले रेखदेख गरेको महसुस गरिन् । "मलाई सहयोग गर्ने मेरा स्पोन्सर हङकङका रहेछन् भन्ने मैले थाहा पाएँ । त्यस कारण, त्यसबेला मलाई रेखदेख गर्ने विदेशमा एकजना साथी छन् भने जस्तो अनुभव भयो," उनले सुनाइन् ।

परिवारको जीविकोपार्जन सुधारमा सहयोग गर्न सक्षम बनाउने उद्देश्यले उक्त स्पोन्सरसीप कार्यक्रममार्फत् प्रगतिकी आमा कान्ताले पनि कृषिसम्बन्धी तालिम प्राप्त गरिन् । पछि कान्ता पनि गाउँकै बचत समूहकी एकजना सदस्य बनिन् । उक्त समुहमा उनले रेकर्ड राख्ने काम गर्न थालिन् । त्यसपछि त बिस्तारै परिवारको आम्दानी पनि बढ्यो ।

बाल स्पोन्सरसीप कार्यक्रममा दर्ता भएपछि प्रगति विभिन्न किसिमका सचेतनामूलक तथा क्षमता विकासका कार्यक्रममा सहभागी भइन् । त्यसको लगत्तै प्रगतिले उनको गाउँबाट स्पोन्सरसीप कार्यक्रममा दर्ता भएका अन्य सबै बालबालिकालाई समेटेर एउटा बाल क्लब गठन गरिन् । सो क्लबमार्फत् उनले आफ्नो गाउँका महिला र बालबालिकाले भोगेका समस्याका सम्बन्धमा सचेतना अभियान सुरु गर्नुका साथै गाउँमा सरसफाइ कार्यक्रम लगायतका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न थालिन् । उनले बाल संरक्षण र सशक्तीकरणसम्बन्धी तालिम लिनुका साथै र अन्य प्राविधिक सीप तालिम (जस्तै कार्यक्रम सञ्चालन गर्ने सीप) मा सहभागी भई सिक्ने अवसर पनि प्राप्त गरिन् । "यी तालिमबाट अनि बाल क्लबमार्फत् विभिन्न अभियानको सञ्चालन तथा नेतृत्व गर्ने अवसर पाएपछि मेरो आत्मविश्वास बढ्दै गयो । यी विभिन्न अनुभवहरूले मलाई जीवनमा एउटा नयाँ उद्देश्य प्रदान गरे – आफ्नो समुदायको सेवा गर्ने," उनले स्मरण गरिन् ।

समुदायको विकासका लागि काम गर्ने आफ्नो सपना भएको कुरा प्रगतिले बताइन् । समुदायको विकासप्रतिको लगाव र प्रतिबद्धताका कारण उनले वर्ल्ड भिजन इन्टरनेशनल नेपालको साझेदार गैर-सरकारी संस्था असल छिमेकी नेपालमा सामाजिक परिचालकको जागिर पाइन् । अहिले उनी २६ वर्षकी भइन् । उनी अहिले समुदायका लागि केही गर्ने आफ्नो सपनाअनुसारको काम गरिरहेकी छिन् । पहिला अन्तर्मुखी स्वभाव भएकी आफ्नी छोरी अहिले समुदायका लागि सेवा गरिरहने व्यक्तिका रूपमा रूपान्तरित भएको देखेर प्रगतिका बाबुआमा छोरीप्रति एकदम गर्ववान्वित छन् ।

अहिले नेपालमा वर्ल्ड भिजनले स्पोन्सर गरेका बालबालिका ४८,००० भन्दा बढी छन् । यो संख्या हरेक दिन बढ्दै गइरहेको छ । स्पोन्सरसीप कार्यक्रमका माध्यमबाट हामीले हाम्रा कार्यक्रम लागु भएका स्थानमा गरिबीको मूल कारणको पहिचान र सम्बोधन गरी प्रगतिले जस्तै जीवनको सम्पूर्णतासहित बाँच्न सक्षम हुने दिशा तर्फ बढ्न अन्य हजारौँ बालबालिकालाई सहयोग गरिरहेका छौँ ।

समुदायमा केन्द्रित भई समस्याको समाधान गर्ने **हाम्रो रणनीतिका कारण हरेक एकजना बालबालिकालाई हामीले सहयोग गर्दा यसबाट अन्य ४ जना बालबालिका लाभान्वित हुन्छन् ।**

World Vision


**वर्ल्ड भिजन इन्टरनेशनल नेपाल**

**राष्ट्रिय कार्यालय**
केसी टावर, कुसुन्ती, ललितपुर-१३
पोष्ट बक्स २१९६९
फोनः +९७७-०१-५५४८८७७
www.wvi.org/nepal

**पूर्व क्षेत्रीय कार्यालय**
प्लट नम्बर ३५१, बर्दिवास नगरपालिका-३, महोत्तरी, नेपाल
फोनः +९७७-६४६९११०८

**पश्चिम क्षेत्रीय कार्यालय**
हसनपुर, धनगढी उपमहानगरपालिका-५, कैलाली, नेपाल
फोनः +९७७-९१५२४०३२

info_nepal@wvi.org @wvinpl @wvnepal @wvinepal World Vision International Nepal www.wvi.org/nepal